बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय

# सामाजिक विकास कार्यालय

धुलिखेल, काभ्रेपलाञ्चोक

## सिक्दै-कमाउँदै, कमाउँदै-सिक्दै कार्यक्रमका लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

पुन: प्रकाशित मिति २०८१/१२/०८

चालु आ.व. २०८१/०८२ मा यस कार्यालयबाट तपसिल बमोजिमको कार्यक्रम सञ्चालन गर्ने गरी बजेट स्वीकृत भई "सामुदायिक विद्यालयमा सिक्दै-कमाउँदै, कमाउँदै-सिक्दै कार्यक्रम कार्यन्वयन कार्यविधि, २०८१" समेत स्वीकृत भएको र श्री सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश, हेटौंडाको च.नं. १०४७, मिति २०८१/११/२७ को पत्रानुसार ऐ. कार्यविधिको दफा ४ को ३(क) को शर्तमा तपसिल बमोजिमको क.१. संशोधन गरिएको र सोही बमोजिम कार्यान्वयन गर्न भनी लेखी आएको हुँदा प्राप्त १० वटा कोटा मध्ये ८ वटा कोटाका लागि तपसिलमा उल्लेख गरिएको कागजातहरु सहित उक्त कार्यविधिको अनुसूचि -१ को ढाँचामा आवेदन तथा उद्यमको व्यावसायिक योजना सहित, सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन (आवेदन दिने अन्तिम मिति २०८१/१२/२२) भित्र यस कार्यालयमा प्रस्ताव पत्र पेश गर्न काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, दोलखा र रामेछाप जिल्लाका इच्छुक सामुदायिक विद्यालयहरुका लागि पुन: यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| कार्यक्रमको नाम | क. प्रस्ताव पेश गर्नु विद्यालयहरुले शर्तहरु |
|---|---|
| सामुदायिक विद्यालयमा सिक्दै कमाउदै, कमाउदै सिक्दै | १. कार्यक्रम सञ्चालनका लागि प्रचलित कानुन बमोजिम निर्धारित विद्यार्थी संख्याको कम्तिमा ६० प्रतिशत विद्यार्थी भर्ना पुरा भएको,<br>२. सम्बन्धित स्थानीय तहले लागत साझेदारी गर्न प्रतिवद्दता पत्र उपलब्ध गराएको,<br>३. प्रस्तावित कार्यक्रमको लागि आवश्यक पर्ने अनुसूची-१ बमोजिमको जग्गा तथा अन्य पूर्वाधार भएको,<br>४. प्राविधिक विषय पढाइ भइरहेको विद्यालयले सोही क्षेत्रमा नै र साधारण धार सञ्चालन भएका विद्यालयहरुले स्थानीय हावापानी र भुगोल अनुरुप हुने गरी वस्तु तथा सेवा उत्पादनका लागि कार्यक्रम प्रस्ताव पेश गरेको,<br>५. कृषि र पशु विज्ञान विषयको कार्यक्रम सञ्चालन गर्ने विद्यालयले उक्त प्रयोजनका लागि कम्तिमा ३ रोपनी जग्गा भएको प्रमाण पेश गर्नु पर्नेछ । विद्यालयले आफ्नो नाममा जग्गा भए जग्गा धनी पुर्जा र जग्गा भाडामा लिएको भए कम्तिमा ५ वर्ष जग्गा उपलब्ध गराउने गरी भएको करार सम्झौता,<br>६. विद्यालयले व्यावसायिक योजना बनाई विद्यार्थीको व्यावसायिक क्लब वा व्यावसायिक सिकाई समुह गठन गरेको,<br>७. कार्यक्रम सञ्चालनका लागि विद्यालय व्यवस्थापन समितिको प्रतिवद्धता भएको, |

| | |
|---|---|
| | ८. दफा ११ मा उल्लेखित कार्यक्रमका क्षेत्रमध्ये कुनै एक क्षेत्रमा कार्यक्रम सञ्चालन गर्ने गरी प्रस्ताव पेश गरेको, <br> ९. प्रदेश सरकारको स्रोतबाट प्रदान गरिने अनुदानमा संघीय सरकार/निकाय/आयोग, स्थानीय तह र प्रदेशका अन्य कुनै निकायबाट अनुदान नलिएको र नलिने प्रतिवद्धता पेश गर्नु पर्ने, <br> १०. यस कार्यको लागि अन्य कुनै पनि निकायबाट अनुदान नलिएको स्वःघोषणा पत्र । |
| | ख. <u>प्रस्तावनाका साथ पेश गर्नु पर्ने कागजातहरु</u> <br> १. प्रस्तावित बजेटको कार्यान्वयन योजना <br> २. स्थानीय तहको सिफारिस प्रत्र <br> ३. कार्यरत शिक्षक/प्रशिक्षकहरुको शैक्षिक योग्यता सहितको विवरण <br> ४. जग्गाधनी प्रमाण पुर्जा, भोगाधिकार, लिजमा लिएको प्रमाण <br> ५. प्रस्तावनामा उल्लेख गरिएका विवरण पुष्टि हुने थप कागजात <br> ६. यस कार्यका लागि अन्य कुनै निकायबाट अनुदान नलिएको विद्यालयको स्वघोषणा पत्र <br> ७. अन्य सम्बद्ध कागजातहरु |
| स्पष्टिकरण: १. म्याद नाघी आएको र माथि उल्लेखित शर्तहरु पुरा नभएको प्रस्ताव उपर कुनै कारवाही गरिने छैन । <br> २. उक्त कार्यक्रमका लागि प्रकाशित अघिल्लो सूचनामा आवेदन दिई छनौटमा नपरेका तर कार्यविधिको दफा ४ को ३(क) (संशोधित) बमोजिम सर्त पूरा गरेका इच्छुक विद्यालयहरुले <u>अघिल्लो सूचना बमोजिम पेश गरेको प्रस्तावलाई पुनः मूल्याङ्कनमा समावेश गरी पाउँ</u> भन्ने व्यहोरासहित आवेदन दिनु पर्नेछ । यसरी विद्यालयको निवेदन प्राप्त नभएमा अघिल्ला आवेदनहरुलाई पुनः मूल्याङ्कन प्रक्रियामा समावेश गरिने छैन । | |

पुनश्च: सम्बन्धित कार्यविधि लगायत यस सूचनाको विस्तृत जानकारीको लागि शिक्षा विकास निर्देशनालय, बागमती प्रदेश, हेटौंडाको वेबसाइट http://edd.bagamati.gov.np/ र यस कार्यालयको वेबसाइट http://103.140.1.186/ हेर्न सकिनेछ ।

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
सामाजिक विकास कार्यालय, धुलिखेल, काभ्रेपलाञ्चोक

**सामुदायिक विद्यालयमा सिक्दै-कमाउँदै, कमाउँदै-सिक्दै कार्यक्रम'का प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना**

पुनः प्रकाशित मिति २०८१/१२/०८

चालु आ.व. २०८१/०८२ मा यस कार्यालयबाट सञ्चालन हुने 'सामुदायिक विद्यालयमा सिक्दै-कमाउँदै, कमाउँदै-सिक्दै कार्यक्रम'का लागि प्राप्त १० वटा कोटा मध्ये बाँकी ८ वटा कोटाका लागि 'सामुदायिक विद्यालयमा सिक्दै-कमाउँदै, कमाउँदै-सिक्दै कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१' (संशोधन सहित) को अनुसूचि-१ को ढाँचामा आवेदन तथा **उद्यमको व्यावसायिक योजना** सहित सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन (आवेदन दिने अन्तिम मिति २०८१/१२/२२) भित्र यस कार्यालयमा प्रस्ताव पत्र पेश गर्न काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, दोलखा र रामेछाप जिल्लाका इच्छुक सामुदायिक माध्यमिक विद्यालयहरुका लागि पुनः यो सूचना प्रकाशित गरिएको छ । यस सम्बन्धी विस्तृत जानकारीका लागि शिक्षा विकास निर्देशनालय, बागमती प्रदेश, हेटौंडाको वेबसाइट http://edd.bagamati.gov.np/ र यस कार्यालयको वेबसाइट http://103.140.1.186/ हेर्न सकिनेछ।

कार्यालय प्रमुख